# गजुरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

**शिक्षक आवश्यकता**

मितिः २०७५/०९/ ०८

पुन विज्ञापन

प्रस्तुत विषयमा यस गजुरी गाउँपालिकामा रहेको ४५ सामुदयिक विद्यालयहरु मध्ये विद्यार्थी संख्या उच्च र शिक्षक दरबन्दी कम रहेका विद्यालयहरुमा गाउँपालिकाको आन्तरीक स्रोतबाट तलबभत्ता व्यवस्था गरी शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्य राखि हाललाई आ.ब. २०७५/७६ सम्मको लागि तपशिलमा उल्लेखित विद्यालयहरुका लागि आधारभुत शिक्षक (प्राथमिक तह) करारमा नियुक्ती गर्ने कार्यपालिकाको मिति २०७५/ ०७ /२० गतेको निर्णयानुसार विज्ञापन गरिएकोमा १ दरबन्दी पदपुर्ति हुन नसकेकेले पुन तपशिलको योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरीन्छ ।

**१. विज्ञापन नं. : ०७/०७५/७६**

**२. पद** : आधारभुत शिक्षक ( प्राथमिक तह)

**३.आवश्यक संख्या : १**

**४.उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

ग) स्थायी अध्यापन अनुमति पत्र, (कार्यरत शिक्षकको हकमा शिक्षक अध्यापन अनुमति पत्र ऐच्छिक हुनेछ) ।

घ) नेपाली नागरिक,

ङ) दरखास्त फाराम बुझाउने अन्तिम मिति २०७५ पौष १५ गतेसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**५. उम्मेद्वारले अनिवार्य रूपले पेश गर्नु पर्ने कागजातहरू :**

क) दरखास्त दिने उम्मेदवारको हस्तलिखित निवेदन

ख) परीक्षा दस्तुर वापतको रकम गजुरी गाउँपालिकको राजश्व शाखामा रु ७०० बुझाएको रसिद

ग) उम्मेद्वार हुनको लागि तोकिएका कागजातहरू (बुदा २ को "क" देखि "घ" सम्म) ।

घ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि ।

ङ) उम्मेद्वार कार्यरत शिक्षक भए विद्यालयबाट प्रदान गरिएको नियुक्ति पत्र र सेवा अवधि प्रमाणित पत्र ।

**पुनश्च :**● दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरूमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ । ● विज्ञापनमा उल्लेखित विवरणहरु भरी साधारण फाइलमा उम्मेदवारको नाम, थर, विज्ञापन नं., तह, सम्पर्क नं. समेत लेखी तोकिएका कागजातहरू नत्थी गरी पञ्जिका सहित बुझाउनु पर्नेछ ।

**६. परीक्षाको किसिम :** (क) लिखित परीक्षा (ख) अन्तर्वार्ता

**७. दरखास्त फाराम पेस गर्ने अन्तिम मिति** : २०७५ पौष १५ गते (कार्यालय समयभित्र)

**८. लिखित परीक्षा हुने मिति** : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

**९ कामगर्नु पर्ने स्थानः** जनचेतना आधारभुत विद्यालय,गजुरी ६, धादिङ

**१०. सम्पर्क मिति र सम्पर्क नं.** २०७५ पौष १५ गते बेलुका ४ बजे (९८५११६०७८९)

**११. अन्तरवार्ताको मिति, स्थान र समय** : लिखित परीक्षाको नजिता प्रकाशित गर्दा अन्तरवार्ताको मिति, समय र स्थान जानकारी गराइनेछ ।

**१२. तलब स्केलः** गजुरी गाउँकार्यापालिकाले तोके अनुसार हुनेछ ।

Ishwar

ईश्वर कुमार श्रेष्ठ

शाखा अधिकृत